काजिकादनं १३/०५९/०६०

# इकोनोमिक पोस्ट

साप्ताहिक

गो.हु.द.नं. १७/०६३/६४

वर्ष ४ ◆ अंक ४४ ◆ २०६३ माघ १७, बुधबार ◆ मूल्य रु .१०/-






फोटोः अग्नीप्रसाद निरौला

# देउराली जनताको १६ औं वार्षिकोत्सव

इकोनोमिक पोस्ट

काठमाडौं । देउराली जनता फर्मास्युटिकल्स प्रालिको १६ औं वार्षिक साधारण सभा सम्पन्न भयो । २०४५ सालमा स्थापना भई २०४७ सालदेखि व्यवसायिक उत्पादन सुरु गरेको यस औषधि कम्पनीले ५२ सालदेखि बंगलादेशको रेनाटा लिमिटेडसँग प्रविधि आयात गरी उच्च गुणस्तरीय औषधि उत्पादन गर्दै आएको छ ।

कम्पनीले पहिलोपटक आईएसओ १४००१, आईओ ९००१ तथा विश्व स्वास्थ्य संगठनको जीएमपी प्रमाणपत्र समेत प्राप्त गरेको छ । १६ औं वार्षिकोत्सव समारोहमा बोल्दै कार्यकारी निर्देशक हरिभक्त शर्माले उच्च प्रविधि प्रयोग गरी आयात प्रतिस्थापनका साथै निर्यात गर्ने सोचाइ राखेको बताउनुभयो । उहाँका अनुसार हाल कम्पनीले सबैभन्दा बढी थरीका उत्पादनलाई बजारमा ल्याएको छ । कम्पनीले जडित क्षमताको ६५ प्रतिशत उत्पादन गरिसकेको र बाँकी ३५ प्रतिशत उत्पादोन्मुख औषधिमा प्रयोग गरी निर्यात गर्ने लक्ष्य राखिएको छ । कार्यक्रममा बोल्दै कार्यकारी निर्देशक शर्माले भन्नुभयो -जसरी विदेशबाट निर्वाध औषधि आयात भइरहेको छ, त्यसैगरी हाम्रा औषधिहरू पनि निर्यात हुने वातावरण बनाउन सरकारलाई आग्रह गर्दछु ।

हाल कम्पनीले १० लाख लिटर झोल औषधि १० करोड ट्याब्लेट र सात करोड २० लाख क्याप्सुल र ड्राई पाउडर तीन लाख केजी उत्पादन गरिरहेको छ । कम्पनीले आगामी दिनमा उत्पादन बढाएर २३ लाख ५० हजार लिटर झोल औषधि, १७ करोड ५० लाख ट्याब्लेट, १४ करोड क्याप्सुल, ४० लाख ओआरएस, पाँच लाख ड्राइ पाउडर उत्पादन गर्ने योजना बनाएको छ ।

पूर्व अर्थसचिव रामविनोद भट्टराई प्रमुख अतिथि रहेको सो कार्यक्रममा औषधि व्यवस्था विभागका निर्देशक भूपेन्द्र थापा विशेष अतिथि हुनुहुन्थ्यो ।